बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा
बेलौरी, कञ्चनपुर
सुदुरपश्चिम प्रदेश नेपाल ।

पत्र संख्या:०८०।०८१
च.नं. :

मिति: २०८०/०९/२४

**अनुदानमा क्रस बोयर जातको बोका वितरणका लागि दररेट पेश गर्ने सम्वन्धि सूचना ।**

प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०९/२४ गते
दररेट दर्ता गर्ने अन्तिम मिति : २०८०/१०/२४ गते कार्यालय समय भित्र

बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय पशु सेवा शाखाको आ.ब. २०८०।०८१ को बार्षिक स्वीकृत कार्यक्रम अर्न्तगत पशु सेवा शाखालाई आवश्यक पर्ने क्रस बोयर जातको बोका वितरणका लागि तपशिल बमोजिम मापदन्ड पुगेका क्रस बोयर जातको बोकाहरूको श्रोत एकिन गर्न सरकारी वा निजी श्रोत केन्द्र वा रेकर्ड राखेको फर्म संस्थाले के कति दररेटमा उपलब्ध गराउन सकिन्छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र देहाय बमोजिमका कागजात सहित बेलौरी नगरपालिका पशु सेवा शाखा बेलौरी कञ्चनपुरमा दररेट पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेको वा म्याद नाघी प्राप्त भएका दररेटहरू दर्ता तथा छनोट कार्यमा समावेश नहुने व्यहोरा सम्बन्धीत सबैमा जानकारी गराईन्छ । थप जानकारीका लागि बेलौरी नगरपालिका पशु सेवा शाखाको फो नं. ०९९-५८००१६ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

२०८०।९।२४
ओम प्रसाद उपाध्याय
नि. प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

**क्रस बोयर जातको बोकाको मापदन्ड :**

- जातिय गुण प्रष्ट भएको हुनु पर्ने छ ।
- स्वस्थ र प्रजनन् योग्य भएको हुनु पर्ने छ ।
- दुबै अण्डकोष राम्रो संग विकास भएको र समान आकार प्रकारको भएको हुनुपर्ने ।
- जुम्ल्याहा सन्तान मध्धे एक हुनु पर्ने छ ।
- शारीरिक तौल कम्तिमा जिवित ३० के.जि. भएको हुनुपर्ने छ ।
- उमेर ७ देखि ९ महिना भएको हुनुपर्ने छ ।

**आवेदन साथ संलग्न राख्नुपर्ने कागजातहरू :**

१. रू १० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र ।

२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिम सरकारी निकायमा दर्ता नविकरण गरेको प्रमाण पत्रहरूको प्रतिलिपि ।( बेलौरी न.पा.,घरेलु कार्यालय, राजस्व कार्यालय, अन्य)
४. कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी ।
५. अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि ।
६. सम्बन्धित स्थानिय तहको पशुपन्छी विकास शाखाको मापदण्ड पुगेको बोकाहरूको संख्या यकिन गरेको शिफारिस पत्र ।

फो.नं.०९९ ५८००१६ Email-pasusewa16@gmail.com